# भूमि अधिकार अभियान

## मासिक खबर

वर्ष : १ अङ्क : ३ असोज, २०७१

### सभासद्लाई भूमि सुधार पत्र

संविधान सभामार्फत बन्ने नेपालको नयाँ संविधानमा भूमि सुधारको मुद्दाहरू नछुटाउन सम्झाउँदै पत्र लेखि पठाइएको छ । वर्षौंदेखि गरिब, भूमिहीन, साना किसानले दुःख भोग्दै आए अब उक्त दुःखबाट मुक्ति चाहन्छौं, यसको लागि मुलुकमा भूमि सुधार आवश्यक रहेको सम्झाउँदै भूमि सुधारको मुद्दाबाट हलचल नहुन सभासद्हरूलाई आग्रह गर्दै भूमि अधिकारबाट वञ्चितहरूले पत्र लेखी पठाएका छन् । यस क्रममा उदयपुरबाट ७००, राष्ट्रिय भूमि अधिकार मञ्चबाट ५९२, सिन्धुपाल्चोकबाट ३६५, रसुवाबाट २००, दाङबाट १९९, सुनसरीबाट १८७, कैलालीबाट १५०, नुवाकोटबाट १०७, बर्दियाबाट ५० र बाँकेबाट २९ गरी २५७९ हस्तलिखित पत्र संविधान सभाका सभासद्हरूलाई बुझाइएको छ ।

यस्तै, जिल्ला भूमि अधिकारमार्फत बाँकेका २९ मोही किसानले संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई आगामी संविधानमा मोही किसानको अधिकार स्पष्ट रूपमा उल्लेख गरी मोही किसानलाई न्याय दिन माग गर्दै पत्र लेखी पठाएका छन् ।

### किसान भेला

खाद्य सुरक्षाको मारमा परेका भूमिहीन, साना तथा महिला किसानहरूबीच ज्ञान तथा अनुभव आदान-प्रदान गर्ने, छलफल गर्ने र त्यस्ता ज्ञान तथा अनुभवहरूलाई सरोकारवाला सरकारी निकायहरूसमक्ष छलफल गरी उनीहरूको आधिकारीक धारणाबारे किसानहरूलाई जानकारी गराई आपसी सम्बन्ध विस्तार गर्न सहयोग पुर्‍याउने उद्देश्यका साथ डडेलधुरा र दैलेखमा किसान भेला भयो । भदौ ३० र ३१ गते डडेलधुरामा र असोज ४ र ५ गते दैलेखमा भएको किसान भेलामा किसान, महिला किसान, सरोकारवाला निकाय र सरकारी कार्यालयका प्रतिनिधिहरू सहभागी थिए ।



किसान भेलामा राज्यबाट किसानहरूले पाउनुपर्ने सेवा सुविधा के के छन्, त्यस्ता सेवा सुविधाहरू कसरी प्राप्त गर्न सकिन्छ ? भन्ने विषयमा छलफल भयो । भेलाको क्रममा दुबै जिल्लामा पहिचान भएका समस्याहरू समेटी डडेलधुरामा ५४ र दैलेखमा ३६ बुँदे मागपत्र तयार गरी स्थानीय सरकारी कार्यालय (सेवा प्रदायक निकाय)मा पेश गरिएको छ । मागहरू खासगरी भूमि, बजार, उत्पादन, सिँचाइ, महिला किसान र कृषि सेवा तथा सूचनामा आधारित छन् । भेलामा सहभागी सेवा प्रदायक निकाय र सरोकारवाला निकायका प्रतिनिधिहरूले किसानको समस्या समाधान गर्नको लागि उठाइएको माग प्रति ऐक्यवद्दता जनाएका छन् ।

ग्रामीण समुदायका प्रायजसो किसानहरू कृषि नीति र नियमका साथै आफूले पाउने सेवा सुविधामा अनविज्ञ रहेको पाइयो । उनीहरूलाई बढीभन्दा बढी सूचना प्रवाह गरी सचेत एवम् सक्रिय बनाइनुपर्ने, सरोकारवाला, सरकारी निकायर किसानबीचको दुरी कम गर्ने प्रयास बढाई उनीहरूलाई बढी जिम्मेवार बनाउन विषेश पहल गरिनुपर्ने देखिएको छ । किसान भेला सामुदायिक आत्मनिर्भर केन्द्र, एकिकृत विकास समाज, सुडेक नेपाल र अक्सफामको संयुक्त आयोजनामा भएको थियो ।

### सुकुम्बासी समस्या समाधान गर्न सहकार्य

सरकारले गठन गरेको सुकुम्बासी समस्या समाधान आयोगको जिल्ला समितिहरूसँग विभिन्न जिल्लामा सहकार्य अघि बढेको छ । भूमि अधिकार मञ्चले जिल्ला सुकुम्बासी समितिका पदाधिकारीसँग भेटघाट गर्ने, अन्तरक्रिया गर्ने, छलफल गर्ने, सुकुम्बासी परिवार दर्ता फारम संकलन गर्न सघाउने, सुकुम्बासी व्यवस्थापन विकल्पबारे छलफल गर्ने जस्ता कार्यहरू भइरहेका छन् । यस क्रममा सुनसरी, सप्तरी, उदयपुर, दाङ, सल्यान, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा सुकुम्बासी समस्या समाधान जिल्ला समितिका पदाधिकारीहरूसँग छलफल भएका छन् ।



सुकुम्बासी समस्या समाधान आयोगले 'वास्तविक सुकुम्बासी, भूमिहीन र अव्यवस्थित बसोबासी'बाट ३५ दिनभित्र निवेदन आव्हान गर्दै सूचना प्रकाशन गरेको छ । आयोग र जिल्ला समितिहरूमा निवेदन पेश गर्ने मिति असोज २६ देखि कात्तिक ३० गतेसम्म तोकिएको छ । ग्रामीण भेगका वास्तविक सुकुम्बासीहरू निवेदन दिन नछुटुन् भनी जिल्ला जिल्लामा भूमि अधिकार मञ्चले सहयोग गरिरहेका छन् ।

यस क्रममा, सुनसरीमा अभियान नेपाल, जिल्ला भूमि अधिकार मञ्च र सुकुम्बासी समितिबीच सुकुम्बासी समस्या समाधान गर्न अन्तरक्रिया कार्यक्रम आयोजना भयो । अन्तरक्रियामा सरोकारवाला निकायका प्रतिनिधि र भूमिहीन सुकुम्बासी र सुकुम्बासी जिल्ला समितिका पदाधिकारीसहित ४५ (९ महिला २२ जनजाती, ३ दलित) सहभागी थिए । कार्यक्रममा सहभागीहरूले सधैं झैं यस पटकको आयोगले पनि सुकुम्बासीलाई झुक्याउने खेल नखेल्न आग्रह गरेका छन् । यस्तै, जिल्ला भूमि अधिकार मञ्च कैलालीले समितिसँग छलफल गरी आयोगले प्रकाशन गरेको सूचनाअनुसार समयमै निवेदन संकलन गर्नको लागि ७०० प्रति फारम भर्न सघाएका छन् । जिल्ला भूमि अधिकार मञ्च दाङले भूमिघर घोराहीमा असोज २४ गते जिल्ला सुकुम्बासी समितिका पदाधिकारीसँग छलफल गरी जिल्लाको सुकुम्बासी समस्या समाधान गर्न मिलेर काम गर्ने सहमति भएको छ ।

### संयुक्त पुर्जा बनाउने थपिए

जिल्ला भूमि अधिकार मञ्चमार्फत सञ्चालन भइरहेको संयुक्त पुर्जा निर्माण अभियानमा सङ्गठित संयुक्त पुर्जा निर्माण गर्ने जोडी थपिएका छन् । यस क्रममा यस महिना सञ्चालित अभियानमा सङ्गठित भई ६१ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरी ३१० रोपनी क्षेत्रफलको जग्गामा संयुक्त स्वामित्व कायम गराएका छन् । यस क्रममा सिन्धुपाल्चोकमा सञ्चालन भएको संयुक्त पुर्जा निर्माण शिविरमा सङ्गठित भई २९ जोडी, महोत्तरीका १९ र ललितपुरका १३ जोडीले संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला र पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।

### सामुदायिक भूमि सुधार अभ्यासमा सरोकारवालाको चासो



सिन्धुपाल्चोक राम्चेमा विगत ५ वर्षदेखि सञ्चालन भइरहेको सामुदायिक भूमि सुधार अभ्यासबारे सरोकारवालाले चासो देखाएका छन् । साथै गाविसमार्फत सञ्चालन हुने कृषिसँग सम्बन्धित कार्यक्रम भूमि सुधार अभ्याससँग जोडेर गर्ने सहमति भएको छ । सामुदायिक भूमि सुधार अभ्यास क्षेत्र राम्चेमा भएको अन्तरक्रियामा सहभागी सर्वपक्षीय प्रतिनिधिहरूले भूमि सुधार अभ्यासलाई बढाएर लैजानुपर्ने बताएका छन् । अन्तरक्रियामा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू, गाविस सचिव, सरोकारवाला निकायका प्रतिनिधिहरू, जिल्ला भूमि अधिकार मञ्चका प्रतिनिधिहरू र अगुवा किसानसहित २४ सहभागी थिए ।

छलफलमा सामुदायिक भूमि सुधारको ५ वर्ष अभ्यासको अनुभव किसानले सुनाए । साथै भूमि सुधार अभ्यासले समुदायमा के परिवर्तन ल्यायो भन्ने विषयमा छलफल भयो । आगामी दिनमा सामुदायिक भूमि सुधार अभ्यास सफल पार्न सबै पक्षको

भूमिका निर्धारण सोही कार्यक्रममार्फत गरियो । सामुदायिक भूमि सुधार भित्रको अधिकारको पाटोमा वेदर्तावाल मोहीले गाविसमा पेश गरेको निवेदनका आधारमा लगत संकलन गरी जिल्ला विकास समितिमा पठाउने निर्णय भएको छ । साथै गाविसमा रहेका सुकुम्बासीको समस्या समाधानको लागि सुकुम्बासी समस्या समाधान समितिमा निवेदन पेश गरी जग्गा वितरणको लागि पहल गर्ने निर्णय भएको छ ।

### सङ्गठन निर्माण भयो

भूमि अधिकारबाट वञ्चितहरू अभियानमा सङ्गठित हुने क्रम बढ्दै छ । यस महिना ४ नयाँ गाउँ भूमि अधिकार मञ्च निर्माण भएका छन् । यस क्रममा कञ्चनपुरमा २, बर्दियामा १, कैलालीमा १ गाउँ मञ्च निर्माण भएका छन् । गाउँ मञ्चमा ६५ महिलासहित १२५ भूमि अधिकारबाट वञ्चित परिवार सङ्गठित भएका छन् ।

### किसानले लिए जोतभोगको प्रमाण

भूमिहीन र अव्यवस्थित बसोबासीका लागि बसोबास प्रमाणको लागि जिल्ला भूमि अधिकार मञ्चमार्फत भएको अभियानबाट दाङका सोनपुर, गगांप्रस्पुर, सिसहनियाँ र हेकुली गाविसका २२१, कैलालीको करैंचा भूमि अधिकार मञ्चका ४९ परिवारले गाविसको कार्यालयबाट बसोबास तथा जोतभोगको प्रमाण पत्र लिएका छन् । गाविसबाट लिएको बसोबास प्रमाण पत्रले भूमिहीनहरूको बसोबास सुरक्षित गर्न मद्दत पुग्नेछ ।

### गाउँ भूमि किताव निर्माण

गाउँ भूमि अधिकार मञ्चले गाउँको परिवेश नक्साङ्कन, भू-सूचना संकलन र अन्य आधारभूत सूचनाहरूसहित 'गाउँ भूमि किताव' निर्माण गरेका छन् । यस क्रममा कञ्चनपुरका २१, खोटाङका १२, ओखलढुङ्गाका ८ र दाङको ५ गाउँ भूमि अधिकार मञ्चले भूमि किताव तयार गरी प्रकाशन गरेका छन् ।

### अगुवा प्रशिक्षण

भूमि अधिकार अभियानमा सङ्गठित अगुवाहरूको क्षमता विकासको लागि विभिन्न जिल्लामा अगुवा प्रशिक्षण शिविर सञ्चालन भयो । प्रशिक्षणबाट अगुवाहरूमा भूमि अधिकार अभियानमा अगुवाको भूमिको के के हुने ?, असल अगुवामा हुनुपर्ने गुणहरू के के हुन्, राष्ट्रिय भूमि अधिकार मञ्चको आचारसंहिता र यसको पालना किन गर्ने, असल सङ्गठन बनाउन के के गर्नुपर्ने ?, आन्दोलन कोषको संकलन र उपयोग कसरी गर्नेबारे क्षमता विकास भएको छ । यस क्रममा कैलाली, कञ्चनपुर, बैतडी, ओखलढुङ्गा र सुनसरी जिल्लामा सञ्चालन भएको अगुवा प्रशिक्षण शिविरमा सहभागी भई १२३ महिला, ९४ दलित, १२० जनजाती सहित २८७ अगुवामा क्षमता विकास भएको छ ।

### प्रकाशन

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रद्वारा यस अवधिमा विभिन्न प्रकाशन भएका छन् । यस क्रममा भूमि अधिकार बुलेटीनको पूर्णाङ्क ३८, दुई हजार प्रति, अध्ययन प्रतिवेदन ल्याण्ड ग्राविङको 'नेपालमा भूमि अतिक्रमण र यसको असर' नामक पुस्तक ५०० प्रति प्रकाशन भयो । साथै भूमिमा महिलाको अधिकारसम्बन्धी सन्देशमूलक सामाग्रीअन्तर्गत २ हजार प्रति पोष्टर र ८ हजार प्रति स्टिकर प्रकाशन भएको छ ।




भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल(NLRF)**
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मानिर्भर सेवा केन्द्र (CSRC)**
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org